## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### अवलचिङ्ग-सुर्खेत
### कर्णाली प्रदेश-नेपाल

प.स. : २०८०।०८१

च.नं. :

**वायोग्याँस जडान गर्नको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना।**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०१/०३**

यस गाउँपालिकाको चालु आ.ब. २०८०/०८१ का लागि स्वीकृत संघीय शसर्त अनुदान अन्तरगत नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम कार्यान्वयन सम्वन्धी मिति २०८०/१२/०२ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट गाउँपालिका, उपभोक्ता र सो कार्यक्रम संग सम्वन्धीत क्षेत्रमा काम गरेका परामर्शदाता, फर्म वा कम्पनी छनौट गरी त्रिपक्षीय साझेदारीमा वायोग्याँस प्लान्ट निर्माण गर्ने निर्णयानुसार चिङ्गाड गाउँपालिका वडा नं. ३, ४ र ५ भित्रका लाभग्राहीहरुलाई छनोट गरी अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले कम्तीमा दुइवटा पशु(गाई/भैसी/गोरु) पालन गरेको, ढुङ्गा, गिट्टी, वालुवा सजिलै उपलब्ध हुने स्थान, काम गर्नसक्ने व्यक्ति उपलब्ध भएको साथै वायोग्याँस जडान गर्न इच्छुक लाभग्राहीबाट तपसिलका कागजातहरु सहित ७ (सात) दिन भित्र नजिकको वडा कार्यालय वा यस गाउँपालिकामा आवेदन पेश गर्नुहुन अनुरोध छ। म्याद नाघी वा रितपूर्वक नआएका पत्र उपर कुनै पनि कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु :**

१. निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपी।
३. जग्गाधनी दर्ता प्रमाणपुर्जाको फोटोकपी।
४. सम्वन्धीत वडाको सिफारिस पत्र।

..........................
समिक्षा सोमै
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री वडा कार्यालय ३, ४ र ५, सूचना टास गरी जानकारी पठाईदिनुहुन।
श्री सूचना प्रविधि शाखा, सूचना वेभसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन।